## स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७७/०३/१७

## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

## लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि , २०७७

# लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि , २०७७

स्वामीकार्तिक खापर गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को  ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१) संक्षीप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम ‘‘लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७’’ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिका बाट पारित भई राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “शाखा” भन्नाले महिला बालवालिका तथा समाज कल्याण शाखा सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारणका लागि स्थापित स्थानिय राहात तथा उद्धार कोष सम्झनु पर्दछ ।

(ग) “पिडित” भन्नाले लैंगिक हिंसा बाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) “मन्त्रालय” भन्नाले संघिय सरकारको महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) “लैंगिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारममा हुने हिंसा सम्झनु पर्दछ ।

(च) “समिति” भन्नाले नियम ७ बमोजिमको  स्थानिय राहत तथा उद्धार समिति सम्झनु पर्दछ ।

**३) कोषको स्थापना** : (१) लैंगिक हिंसा निवारणका लागि स्थानिय राहात तथा उद्धार कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकार तथा सुदुरपश्चिम सरकार बाट प्राप्त रकम,

(ख) गाउँपालिका बाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति , अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम स्थानिय बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका, सुदुरपश्चिम प्रदेश, बाजुरा

(४) कोषको खाताको संचालन संचालक समितिको सदस्य सचिव र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४) कोषमा रकम जम्मा गर्ने** : महिला हक हीतको क्षेत्रमा गाउँपालिका भित्र कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५) कोषको उपयोग :** (१) कोषको रकम देहायको कामका लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहात प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदानका रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(६) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काममा ।

**६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७) समितिको गठन :** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानिय राहत तथा उद्धार समिति रहनेछ ।

**(२) समितिको गठन देहाय बमोजिम हुनेछ :**

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) प्रहरी कार्यलयको प्रतिनिधि | सदस्य |
| (घ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ) गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी | सदस्य |

च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य

छ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना सदस्य

ज) प्रमुख महिला बालबालिका तथा समाज कल्याण शाखा सदस्य सचिव

३) उपनियम (२) को खण्ड (छ) बमोजिम सदस्यको पदावधि एक वर्षको हुनेछ ।

४) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा समाज कल्याण शाखा रहनेछ ।

**८. स्थानीय राहात तथा उद्दार समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) लैंगिक हिंसा निवारणको सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृति नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

ख) पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने गराउने,

घ) गाउँपालिका क्षेत्र भित्र घटेका लैंगिक हिंसा सम्वन्धि घट्नाको अभिलेख अद्यावधिक गर्ने,

ङ) शीपमूलक तालिम प्राप्त पिडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागु गर्ने,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

छ) कोष बृद्धि को लागि श्रोतको खोजी गर्ने,

ज) पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने,

झ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

ञ) जिल्ला स्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

ट) स्थानीय स्तरमा लैंगिक हिंसा हुन नदिनको लागि जनचेतना मूलक कार्यक्रम संचालन गर्ने,

ठ) लैंगिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने,

**९. समितिको वैठक र निर्णयः** (१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको वैठक वस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सुचना सवै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा सो समितिको वैठकको लागि गणपूरक संख्या भएको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्यबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले वैठकमा आबश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) समितिको वैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**(१०) कोषलाई रकम उपलब्ध गराउनेः** पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाउँपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकाम विनियोजन गर्नेछ ।

**(११) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नवढ्ने गरि उपलब्ध गराईनेछ ।

(क) पिडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधान प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन छ सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन चार सय रुपैयाँको दरले बढीमा दश हजार रुपैयाँ,

(ख) पिडितलाई अस्पताल भर्ना गरि औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन छ सय रुपैयाँ, अस्पतालमा वस्ने व्यवस्था नभई बाहिर वस्नु परेमा वढीमा तीन दिनको वास खर्च वापत प्रति दिन चार सय रुपैयाँ र उपचार खर्च समेत गरि बढीमा वीस हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रुपैयाँमा नवढ्ने गरि लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरि बढिमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढिमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढिमा पन्ध्र हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पिडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पिडितलाई दुई हजार रुपैयामा नवढ्ने गरि मनासिव रकम थप गरि दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे वसेको पिडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**(१२) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः (१)** यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्ने छ ।

२) उप नियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँच वुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम (८) को अधिन रही पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**(१३) तत्काल रकम उपलब्ध गराउँन सक्नेः (१)** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पिडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षेती हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागी कोषवाट पचास हजार रुपैयाँमा नवढ्ने गरि मनासिव रकम सम्वन्धि पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परि समितिको अध्यक्षवाट पिडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराए पछि वस्ने समितिको वैठकवाट सो विषयको अनुमोदन गराउनु पर्ने छ ।

**(१४) कोषको लेखा र लेखा परिक्षणः (१)** कोषको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राखिने छ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षेकवाट हनेछ ।

**(१५) स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान रकमः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा विनियोजित रकम गाउँ पालिकामा रहेको विपन्न नागरिक सहयोग कोषमा रहनेछ । स्थानिय राहत तथा उद्धार समितिको सिफारिसमा परिचालन गरिनेछ ।

**(१६) प्रतिवेदन पेश गर्नेः** (१) प्रत्येक त्रैमासिक रुपमा सो समितिवाट भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ पालिकामा पठाउँनु पर्ने छ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र सो समिति बाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ पालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले उपनियम (२) वमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्ने छ ।

**(१७) बैठक भत्ताः** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाँउ पालिकाले तोके वमोजिमको रकम बैठक भत्ता वापत पाउँने छन् ।

**(१८) निर्देशन दिन सक्नेः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले समितिका काम कारवाहीका सम्वन्धमा सो समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**(१९) बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यन्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहने छ ।

**(२०) खारेजी र बचाउः** यस कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

स्वामीकार्तिक खापर गाउँपालिका, सुर्इजउला वाङ्, बाजुरा

अनुसूची

(दफा १२ सँग सम्वन्धित)

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यू,
स्थानिय उद्धार तथा राहत समिति
स्वामीकार्तिक खापर गाउँ पालिका
सुईजिउला, वाई, बाजुरा ।

म............................मा वस्ने वर्ष ......................को ......................मिति .................मा लैंगिक हिंसावाट पिडित भएको छु । म उपर लैंगिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक /शारिरिक /सामाजिक अवस्था कमजोर भई असक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानूनी सहायता एवं परामर्श /उद्धार /मनोविमर्श /स्वरोजगार /पुनर्स्थापना /अन्य ................................................................कामको लागि सहयोगको आवस्यक्ता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोगको आवस्यक्ता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषवाट नियम अनुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:
नामथरः............................
ठेगानः................................
दस्तखत............................
मितिः..................................

आज्ञाले,
अमर वहादुर रोकाया
निमित्त प्रमुख प्रशासकीय अधिकृत

स्वामीकार्तिक खापर गाउँपालिका, सुईजिउला वाई, बाजुरा